**कोरोना भाइरस सङ्क्रमणसम्बन्धी सुदूरपश्चिम प्रदेशको अवस्था**
**कैलाली । ०७७ वैशाख १४ गते**

सुदूरपश्चिम प्रदेश अन्तर्गत कोरोना भाइरस सङ्क्रमणको रोकथाम तथा नियन्त्रणका लागि स्थानीय तहबाट भइरहेका प्रयास र समस्याका सम्बन्धमा इन्सेक जिल्ला प्रतिनिधिहरूले वैशाख १४ गते पठाउनु भएको सूचनाका आधारमा जिल्लागत अवस्था विश्लेषण यस प्रकार रहेको छ ।

**इन्सेक डडेल्धुरा जिल्ला प्रतिनिधि भूपेन्द्र विष्टका अनुसार** कोरोना भाइरसको त्रास बढ्दै गएपछि जिल्ला प्रहरी कार्यालय, डडेल्धुराले गाउँगाउँमा पुगेर कोरोना भाइरसको बारेमा सचेतना फैलाउन सुरु गरेको छ । जिल्ला प्रहरीको टोली अमरगढी नगरपालिका र भागेश्वर गाउँपालिकाका विभिन्न गाउँटोलमा गएर कोरोना भाइरसबारे सर्वसाधारणलाई जानकारी दिन थालेका हो । सचेतना कार्यक्रम गाउँगाउँ पुगेर जारी राख्ने जिल्ला प्रहरी कार्यालय डडेल्धुराका डिएसपी दधिराम न्यौपानेले जानकारी दिनुभयो । विश्वभर महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड-१९) सङ्क्रमणलाई ध्यान दिँदै यसका लक्षण, यसबाट बच्ने उपायका बारेमा गाउँटोलमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेको उहाँको भनाइ छ ।

सुदूरपश्चिम प्रदेशकै एक मात्र विशेषज्ञ अस्पतालका रुपमा रहेको डडेल्धुरा अस्पतालमा पानी चुहिने समस्या भएपछि बिरामीहरुलाई समस्या भएको छ । शनिबार राति परेको पानीले अस्पतालको छाना चुहिएपछि अस्पतालमा बेड भर्ना रहेका बिरामीलाई समस्या भएको हो । बिरामी रहेको वार्डको बेडमा बाहिर जत्तीकै पानी चुहिएपछि वार्डमा रहेका बिरामीलाई निकै समस्या भएको बिरामीका कुरुवा धर्मराज भट्टले जानकारी दिनुभयो । वार्ड भित्र पानी चुहिने समस्याका कारण करीब ६ वेडमा रहेका बिरामीलाई अन्यत्र सारेको भट्टले बताउनुभयो । उहाँले भन्नुभयो, “अस्पताल भित्रै पानी जमेपछि हामीले पानी छल्दै बेडमा बस्नु परिरहेको छ ।” विशेषज्ञ अस्पतालका रुपमा रहेको डडेल्धुरा अस्पतालमा सुदुरपश्चिम प्रदेशका सात ओटा पहाडी जिल्लाबाट बिरामीहरु आउने गर्दछन् ।

लकडाउनको समयमासमेत दैनिक १ सयदेखि १ सय ५० जना बिरामीको उपचार सेवा दिदैआएको डडेल्धुरा विशेषज्ञ अस्पतालको यो अवस्थाले बिरामीलाई मात्र होइन चिकित्सकलाई समेत हैरान पारेको छ । नयाँ भवनको पानीसमेत पुरानो भवनको छानामा पर्ने र बाहिर निकास नभएपछि पानी भित्र पस्ने समस्या रहेको अस्पतालले जनाएको छ । भौतिक संरचनाको अभावमा एचडिसिएस नामक गैर सरकारी संस्थाले अस्पताल स्थापनाका बेला निर्माण गरेको पुरानो जीर्ण भवनबाट सेवा सञ्चालन  भइरहेको र जीर्ण हुँदा समस्या आएको अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा.जगदीशचन्द्र विष्टले जानकारी दिनुभयो । “यहाँ केही समयदेखि पानी चुहिने समस्या छ । नयाँ भवनको पानी पनि यहीँ पुरानो भवनमा झर्छ ।” उहाँले भन्नुभयो, “प्राविधिकहरू बोलाएर पनि समस्या सामाधान गर्न खोजेका हौँ । तर, नयाँ भवन निर्माण गर्दा ध्यान नपुगेकाले यो समस्या आएको हो ।”

पानी रोक्नका लागि विभिन्न प्रयासहरू गरेपछि धेरै पानी जम्मा हुने भएकाले समस्या सामाधान हुँन नसकेको र नयाँ भवन निर्माणका क्रममा रहेकाले भवन निर्माण भए समस्या पूर्णरुपमा सामाधान हुँने निमित्त मेडिकल सुपरिटेन्डेन्ट विष्टको भनाइ छ । सङ्घीय सरकारले सुदूरपश्चिमको केन्द्र भागमा रहेको डडेल्धुरा अस्पताललाई विशेषज्ञ अस्पतालका रुपमा विकास गर्दै जाँदा भौतिक संरचनाको अभावका कारण वर्षादको समयमा अस्पतालमा झनै समस्या हुने गरेको स्थानीय महेश श्रेष्ठले बताउनु भयो ।

**इन्सेक अछाम जिल्ला प्रतिनिधि शिवराज ढुङ्गानाका अनुसार** तुर्माखाँद गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका गरिब तथा अतिविपन्न १ हजार २८ जनालाई दोश्रो चरणमा राहत वितरण गर्ने भएको छ । यसअघि खाद्यन्न पाएका दैनिक मजदुरी गरेर खाने ४ सय ४८ जनासहित थप ५ सय ८० जनालाई राहतस्वरुप खाद्यन्न वितरण गरिने गाउँपालिकाले जनाएको छ । प्रतिव्यक्ति ३० किलो चामल, तीन किलो दाल, दुई किलो चिनी, दुई लिटर तेल र दुई किलो आयोडियुक्त नुन, चार पिस साबुन गाउँपालिकाले सहयोग गर्ने गाउँपालिका अध्यक्ष पुष्पराज शर्माले जानकारी दिनुभयो । वडास्तरमै गएर जम्मा १७ हजार ७ सय ७५ किलो चामल, ३ हजार ८४ किलो दाल, १ हजार ९ सय ९६ किलो नुन, १ हजार ९ सय ८१ लिटर तेल, ४ हजार १ सय १२ पिस साबुन, २ हजार ५६ किलो चिनी अतिविपन्न र असाहय व्यक्तिहरुलाई राहत वितरण गरिने अध्यक्ष शर्माको भनाइ छ । गाउँपालिकामा रहेका कुनै व्यक्तिले भोकभोकै रहने अवस्था सिर्जना हुँन नदिने गाउँपालिका अध्यक्ष शर्माले बताउनु भयो ।
कोरोना रोकथामका लागि स्थानीय तहमा भइरहेका पहल र प्रयासका बारेमा जिल्ला विपद् व्यवस्थापन समितिले वैशाख १४ गतेबाट अनुगमन सुरु गरेको छ । जिल्लामा रहेका स्थानीय तहले कोरोना सङ्क्रमणका विरुद्धमा गरिरहेका प्रयास र त्यसको प्रभावकारीताका बारेमा साँफेबगर नगरपालिका, चौरपाटी गाउँपालिका र मेल्लेख गाउँपालिकामा अनुगमन गरिएको प्रमुख जिल्ला अधिकारी पुण्यविक्रम पौडेलले जानकारी दिनुभयो । स्थानीय तहमा कोरोना सङ्क्रमणका विरुद्धमा भएका प्रयासका बारेमा जनप्रतिनिधि, कर्मचारी र स्थानीय अगुवासँग छलफल गरिएको उहाँको भनाइ छ ।
रोजगारीको क्रममा भारतको तेलंगना राज्यको हैदरवादमा बस्दै आएका मंगलसेन नगरपालिका-१३ वस्ती गाउँका पदमबहादुर कुँवरले लकडाउनका कारण अछाम, कैलाली र दैलेख जिल्लामा समस्यामा परेका ७० जनालाई आर्थिक राहत प्रदान गर्नु भएको छ । हैदरावादमा बस्ने कुँवरले अछाम ढकारी गाउँपलिकाका २८ जना, मंगलसेन नगरपालिकाका १५ जना, तुर्माखाँद गाउँपालिकाका आठ जना, कमलबजार नगरपालिकाका नौ जना, दैलेखको दुल्लु नगरपालिकाका सात जना, कैलालीको लम्कीचुहा नगरपालिकाका तीन जनालाई राहतस्वरुप जनही एक/एक हजार नगद उपलब्ध गराइएको कुँवरको भनाइ छ ।

**इन्सेक बाजुरा जिल्ला प्रतिनिधि पदमबहादुर सिंहका अनुसार** प्रमुख जिल्ला अधिकारी गङ्गाप्रसाद न्यौपानेको अध्यक्षतामा वैशाख १४ गते बसेको कोरोना भाइरस(कोभिड - १९) सङ्कट व्यवस्थापन समितिको बैठकले जिल्ला समन्वय समितिको समीक्षालयमा बनाइएको आइसोलेसनको थप सुधारका लागि महिला कक्ष र पुरुष कक्षको व्यवस्थापन गर्ने ,कार्पेटिङ्ग र सिसि टिभी क्यामरा जडानका लागि जिल्ला अस्पताल बाजुरालाई जिम्मा दिन, आइसोलेसनमा रहेका बिरामीहरुका लागि खाने पानी, शौचालयको व्यवस्थापन गर्न जिल्ला समन्वय समितिलाई जिम्मा दिने, एम्बुलेन्स र ट्रकबाट बाहिरी जिल्लाबाट आउने क्रम जारीरहेकोले यसको व्यवस्थापनका लागि स्थानीय तह र गृह मन्त्रालायलाई अनुरोध गर्ने, अन्यत्र जिल्लामा बस्दै आएका बाजुराबासीहरुले आआफ्नो स्थानीय तहमा सम्पर्क गर्न पहल गर्ने र त्यसको व्यवस्थापनका लागि स्थानीय तहलाई अनुरोध गर्नेलगायतका निर्णयहरु भएको जिल्ला विपद् व्यवस्थापन समितिका संयोजक प्रमुख जिल्ला अधिकारी न्यौपानेले जानकारी दिनु भयो ।
जिल्लाका बासिन्दाहरु बिभिन्न नाकामा आइसकेको अवस्थामा मानविय नाताले उनीहरुको व्यस्थापन गर्न नेपाल सरकारको नीति अनुसार नगरपालिका र गाउँपालिकामा निमार्ण गरिएको क्वारेन्टाइनमा राख्ने गरी स्थानीय तहले व्यवस्थापनमा ध्यान दिनु पर्ने प्रमुख जिल्ला अधिकारी न्यौपानेको भनाइ छ ।

**इन्सेक बैतडी जिल्ला प्रतिनिधि नरी बडुका अनुसार** सङ्घीय राजधानी काठमाडौं, प्रदेश राजधानी धनगढी, र अन्य जिल्लाबाट बस बुकिङ्ग गरेर विद्यार्थी तथा अन्य व्यक्तिहरु फर्किने क्रम बढेपछि वैशाख १४ गते बसेको जिल्ला विपद व्यवस्थापन समितिले उनीहरुको व्यवस्थापनका सम्बन्धमा छलफल गरेको छ । छलफलपश्चात समितिले बाहिरी जिल्लाबाट आउने सबैलाई अनिवार्य रुपमा क्वारेन्टाइनमा राख्ने निर्णय गरेको छ । आरडिटी जाँच गरी आएका व्यक्तिहरुको हकमा भने होम क्वारेन्टाइनमा बसाउने निर्णय गरेको छ । पाटन नगरपालिका, दोगडा केदार गाउँपालिका र सुर्नया गाउँपालिका स्थायी घर भई बाहिरी जिल्लामा समस्यामा परेका नागरिकहरुलाई फर्किन आह्वान समेत गरिएको छ । जिल्ला विपद व्यवस्थापन समितिको बैठकले कालोबजारी नियन्त्रण र क्वारेन्टाइनको व्यवस्थापनका लागि अनुगमन समिति समेत निर्माण गरेको छ । सरकारले खाद्यान्नका सवारीसाधनहरु आवजावतमा रोक नलगाएको भएपनि लकडाउनपछि जिल्लामा खाद्यान्नको मुल्य बढेको छ । नेपाल-भारतको सिमानाकामा रहेका नेपाली नागरिकको हकमा भने केन्द्रीय सरकारको आदेश पर्खिरहेको प्रमुख जिल्ला अधिकारी आनन्द पौडेलले बताउनु भयो ।

**इन्सेक दार्चुला जिल्ला प्रतिनिधि नरेन्द्र कार्कीका अनुसार** गत चैत १३ गतेदेखि भारत पिथौरागढको धार्चुलामा रोकिएका नेपाली एक सातापछि मात्रै नेपाल आउने भएका छन् । भारतमा यहि मे २ अर्थात वैशाख २० गते लकडाउन सकिदैछ । भारतमा लकडाउन सकिएपछि भारतले स्वास्थ्य चेकजाँच गरेपछि मात्रै उनीहरु नेपाल ल्याउने तयारी भइरहेको प्रमुख जिल्ला अधिकारी यदुनाथ पौडेलले बताउनु भयो ।
उहाँले भन्नु भयो-' एक महिनादेखि भारतीय सीमापारी रोकिएका नेपालीलाई ल्याउन आवश्यक तयारी भइसकेको छ । तर, माथिको आदेश नआउँदा ल्याउन नसकिएको हो ।' प्रमुख जिल्ला अधिकारी पौडेलका अनुसार नेपाल सरकारले भारतलाई पत्रचार गरेपनि भारतबाट जवाफ आई नसकेको कारण उद्धारमा समस्या भएको छ ।
भारतको धार्चुलामा सुदूरपश्चिमसहित ११ जिल्लाका १ हजार बढि नेपाली नागरिक क्वारेन्टाइनमा बस्दै आएका छन् ।
दुहुँ गाउँपालिका उपाध्यक्ष इश्वरी जोशी वैशाख १४ गतेदेखि क्वारेन्टाइनमा बस्नु भएको छ । काठमाडौँबाट वैशाख १४ गते घर फर्किनुभएका जोशी दुहुँ गाउँपालिका वडा नम्बर ४ स्थित धारीपाटा मावि धारीको क्वारेन्टाइनमा बस्नुभएको हो । गाउँपालिका बाहिरबाट आएका व्यक्तिहरुलाई अनिवार्य क्वारेन्टाइनमा बस्नुपर्ने प्रावधान अनुसारा उपाध्यक्ष जोशी क्वारेन्टाइनमा बस्नुभएको छ ।
उहाँले भन्नु भयो, मैले पनि नियम मान्नुपर्छ । जिम्मेवार व्यक्ति भएको कारण मैले क्वारेन्टाइनमा नबस्ने भन्ने हुँदैन् । सबैलाई नियम समान हो । आफूसहित काठमाडौँबाट फर्किएका दुहुँ गाउँपालिकाका वडा नम्बर २ का ६ जना, वडा नम्बर ५ का एक जना र वडा नम्बर ४ का नौ जना गरी १७ जना सम्बन्धित वडाको क्वारेन्टाइनमा बसेको उपाध्यक्ष जोशीको भनाइ छ ।
यसैगरी सदरमुकामस्थित महाकाली नगरपालिकाको महेन्द्र नमूना माविको क्वारेन्टाइनमा १७ जना थपिएका छन् । काठमाडौँबाट आएका उनीहरुलाई महेन्द्र मावि खलंगाको क्वारेन्टाइनमा राखिएको हो । यसैगरी काठमाडौँबाटै आएका १० जना महिलालाई दार्चुला बहुमुखी क्याम्पस खलंगाको क्वारेन्टाइनमा राखिएको नगर प्रमुख हंशराज भट्टले जानकारी दिनुभयो । नगरपालिकाले महिला र पुरुषको लागि छुट्टाछुट्टै क्वारेन्टाइनको व्यवस्था गरेको भट्टले भनाइ छ ।
काठमाडौँबाट आएका व्यासका १५ जनालाई व्यक्तिलाई व्यास गाउँपालिका अध्यक्ष दिलिपसिंह बुढाथोकीका स्वकीय सचिव दिपक खातीको जिम्मा लगाइएको छ । उनीहरुलाई व्यासकै क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाइएको खातीले बताउनु भयो ।

यसैबीच धनगढी, नेपालगञ्ज र महेन्द्रनगरबाट अपिहिमाल गाउँपालिकाले उद्धार गरी ल्याएका ७२ जना व्यक्तिलाई सम्बन्धित वडाको क्वारेन्टाइनमा व्यवस्थापन गरिएको अपिहिमाल गाउँपालिका स्वास्थ्य संयोजक राजेन्द्रसिह धामीले जानकारी दिनुभयो । संयोजक धामीका अनुसार वडा नम्बर १ मा २४ जना, वडा नम्बर २ मा १८ जना, वडा नम्बर ३ मा १२ जना, वडा नम्बर ४ मा पाँच जना, वडा नम्बर ५ मा पाँच जना र वडा नम्बर ६ मा आठ जनालाई विद्यालयमा निर्माण गरिएको क्वारेन्टाइनमा राखिएको छ ।
अपिहिमाल गाउँपालिकाले वैशाख १४ गतेबाट राहत वितरण सुरु गरेको छ । गाउँपालिकाले वडा नम्बर ५ का गरिब, असहाय, असङ्गठित मजदुर, एकल महिला गरी १८ परिवारलाई  राहत वितरण गरिएको वडा अध्यक्ष दिलिपसिह धामीले जानकारी दिनुभयो । वडाले प्रतिपरिवार ३० केजी चामल, एक लिटर तेल, दुई केजी नुन र चार पिस साबुन राहत वितरण गरिएको वडा अध्यक्ष धामीले बताउनु भयो । यसैगरी वडा नम्बर ६ मा वैशाख १५ गतेदेखि १ सय ५३ परिवारलाई राहत वितरण गरिने गाउँपालिकाले जनाएको छ ।
लकडाउनपछि बन्द भएको खोप सेवा पुनः सुचारु भएको छ । लकडाउनपछि प्रभावित बनेको खोप सेवा पुनः सुचारु भएको जिल्ला स्वास्थ्य कार्यालय दार्चुलाका खोप सुपरभाइजर विरेन्द्र भट्टले जानकारी दिनुभयो । जिल्लाका नौ ओटै स्थानीय तहमा सामाजिक दूरी कायम गर्दै खोप सेवा सुचारु गर्ने निर्णय भएको भट्टले भनाइ छ ।
जिल्ला स्वास्थ्य कार्यालय दार्चुलाका अनुसार महाकाली नगरपालिकामा प्रत्येक महिनाको २ देखि ६ गते सम्म,शैल्यशिखर नगरपालिकामा १७ गतेदेखि २१ गतेसम्म ,नौगाड गाउँपालिकामा १५ गतेदेखि १९ गतेसम्म, मार्मा गाउँपालिकामा ४ गतेदेखि ११ गतेसम्म खोप लगाउन सकिने जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ ।
यसैगरी अपि हिमाल गाउँपालिकामा प्रत्येक महिला ४ र ५ गते, लेकम गाउँपालिकामा ६ गतेदेखि ९ गतेसम्म, मालिकार्जुन गाउँपालिकामा २ गतेदेखि ६ गतेसम्म, दुहुँ गाउपालिकामा ,१८ गतेगते देखि २० गतेसम्म र व्याासँ गाउँपालिकामा १७ गतेदेखि २२ गतेसम्म खोप लगाउन सकिने स्वास्थ्य कार्यालय दार्चुलाले जनाएको छ । जिल्ला अस्पताल दार्चुलामा भने प्रत्येक महिनाको २ गते ९ गते र १५ गते खोप सेवा दिइने स्वास्थ्य कार्यालय दार्चुलाले जनाएको छ ।

**इन्सेक बभाङ जिल्ला प्रतिनिधि रमेश केसीका अनुसार** जिल्लाका विभिन्न स्थानीय तहहरुमा वैशाख १४ गते ६० जनाको आरडिटी गरिएकोमा सबै जनाको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य कार्यालयका कोराना सम्पर्क व्यक्ति नारायण जोशीले जनाकारी दिनुभयो । हालसम्म ८ सय ३१ जनाको आरडिटी परीक्षण गरिएकोमा सबै जनाको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य कार्यालयले जनाएको छ ।
कारोना परीक्षणका लागि जिल्लामा किटको अभाव भएकोले धनगढीस्थित आपूर्ति केन्द्रबाट माग गर्ने तयारी भइरहेको स्वास्थ्य कार्यालयका प्रमुख भानु जोशीले बताउनु भयो । जिल्ला सुरक्षा समितिको बैठकले बाहिर जिल्लाबाट आएका सबैलाई अनिवार्य रुपमा १४ दिन क्वारेन्टाइनमा राख्ने र परीक्षण गरेर रिर्पोट नेगेटिभ आएपछि मात्रै  घर पठाउने निर्णय गरेकोले परीक्षण किटको आवश्यकता रहेको प्रमुख जोशीको भनाइ छ ।

**इन्सेक कैलाली जिल्ला प्रतिनिधि मैनामोती चौधरीका अनुसार** नेपाल ल-क्याम्पस  मिलिनियम ब्याचका सदस्य ठेकेन्द्रराज जोशीले वैशाख १४ गते कोरोना भइरसको चेकजाँच र रोकथामका लागि आवश्यक पर्ने स्वास्थ्य सामग्री धनगढी उपमहानगरपालिका प्रमुख नृपबहादुर वडलाई हस्तान्तरण गर्नु भएको छ।

जोशीले एक थान थर्मगन, २ हजार थान सर्जिकल मास्क, २ हजार थान सर्जिकल ग्लोब्स, १ सय थान तीन लियरको मास्क, २ सय थान कपडाको मास्क, पाँच सेट पीपिइ र १५ लिटर हेन्ड सेनिटाइजर हस्तान्तरण गर्नु भएको धनगढी उपमहानगरपालिकाले जनाएको छ । उपमहानगरलाई नेपाल, अमेरिका, बेलायत, अष्ट्रेलिया, बेल्जियम र जर्मनीमा बस्ने ८२ जना साथीहरु मिलेर लगभग ९० हजार बराबरको स्वास्थ्य सामग्री उपलब्ध गराएको मिलिनियम ब्याचका फन्ड कोडिनेटर उमेशबिक्रम शाहले बताउनु भयो ।

**इन्सेक कञ्चनपुर जिल्ला प्रतिनिधि कोमलनिरञ्जन भाटका अनुसार** आरडिटी टेस्टमा पोजेटिभ आएका भीमदत्त नगरपालिकाका कर्मचारी र जिमुवा प्रहरी चौकीमा कार्यरत प्रहरी जवानको पीसीआर परीक्षण रिपोर्ट नेगेटिभ आएको छ। वैशाख ११ र १२ गते गरिएको आरडिटी टेस्टले एक जना प्रहरी जवान र नगरपाालिकाका कर्मचारीमा कोरोना पोजेटिभ देखाएको थियो । त्यस पछि उनिहरुलाई महाकाली अस्पतालको आइसोलेसनमा भर्ना गरेर थ्रोट स्वाब सङ्कलन गरी पीसीआर परीक्षणका लागि धनगढीस्थित प्रयोगशालामा पठाइएको थियो । धनगढीस्थित प्रयोगशालामा परीक्षण गर्दा उनिहरुको पीसीआर रिपोर्ट नेगेटिभ आएको हो ।
गत चैत २७ गतेदेखि सुरु गरिएको आरडिटी टेस्ट जिल्लाका नौ ओटै स्थानीय तहमा गरी हालसम्म ९ सय ७९ जनामा गरिएको छ ।
भारतबाट आएका, क्वारेन्टिनमा बसेका तथा भारतीय सीमासँग जोडिएका गाउँमा आरडिटी टेस्ट लक्षित गरिएको स्वास्थ्य कार्यालय , कञ्चनपुरका कोभिड-१९ फोकल पर्सन सिद्धराज भट्टले बताउनु भयो। कञ्चनपुरका लागि २ हजार ८ सय किट आएको छ। भीमदत्त नगरपालिकामा ४ सय २७ जना, बेदकोट नगरपालिकामा १ सय ७९ जना, महाकाली नगरपालिकामा ३८ जना, शुक्लाफाँटा नगरपालिकामा ५३ जना, कृष्णपुर नगरपालिकामा १ सय ५२ जना, पुनर्वास नगरपालिकामा ४८ जना, बेलौरी नगरपालिकामा ४१ जना, बेलडाँडी गाउँपालिकामा २६ जना र लालझाँडी गाउँपालिकामा १५ जनाको आरडिटी टेस्ट गरिएको स्वास्थ्य कार्यालय कञ्चनपुरका कोभिड-१९ फोकल पर्सन सिद्धराज भट्टले बताउनु भयो ।
**इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालय,धनगढी**